# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

| खण्ड : ७ | संख्या : ६ | २०८० जेष्ठ १४ गते |
|---|---|---|


## भाग : २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि (संशोधन) सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## दुल्लू नगरपालिकाको करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७८ (पहिलो संशोधन, २०८०)

दुल्लू नगरपालिकाको करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगर कार्यपालिकाको मिति २०८०।०२।११ गतेको वैठकवाट **"दुल्लू नगरपालिकाको करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०"** स्वीकृत गरी लागु गरीएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"दुल्लू नगरपालिकाको करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०"** रहेको छ।
(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **दुल्लू नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७८ को दफा २ मा संशोधन :** दुल्लू नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७८ (यस पछि मूल कार्यविधि भनिएको) को दफा २ को खण्ड (च) मा **"अन्तर्वार्ता तथा सूचिकरण समिति"** शव्दहरुको सट्टा **"छनौट समिति"** भन्ने शव्दहरु राखिएका छन्।

३. **मूल कार्यविधिको दफा ४ मा संशोधन :** मूल कार्यविधिको दफा ४ मा देहाय अनुसार संशोधन गरिएको छ :
(१) मूल कार्यविधिको दफा ४ मा रहेको "सूचिकरण तथा" भन्ने शव्दहरु हटाईएको छ।

(२) मूल कार्यविधिको दफा ४ को उपदफा (३) को खण्ड (ग) पछि देहाय अनुसार खण्ड (ग.१), (ग.२), (ग.३), (ग.४) र (ग.५) थप गरिएको छ :

(ग.१) खण्ड (ग) को उपखण्ड (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका स्तरीयमा प्रतिष्पर्धा हुनेगरी गरिएको विज्ञापनको हकमा नगरपालिका भित्रको वासिन्दाले उपखण्ड (१) बमोजिमको अंक नै प्राप्त गर्नेछ।

(ग.२) यस उपदफाको खण्ड (क), (ख) र (ग) बमोजिमको मूल्यांकनमा कम्तिमा ५० अंक प्राप्त गर्ने उम्मेदवारहरु मात्र यस कार्यविधि बमोजिम सञ्चालन हुने लिखित परीक्षाको लागि छनौट हुनेछन्।

(ग.३) खण्ड (ग.२) बमोजिम छनौट भएका उम्मेदवारको सम्वन्धित पद, तह, सेवा, समूह तथा उप समूहसँग सम्वन्धित विषयमा १०० पूर्णांकको लिखित परीक्षा सञ्चालन हुनेछ।

(ग.४) लिखित परीक्षाको पाठ्यक्रम कर्णाली प्रदेश लोक सेवा आयोगले सम्वन्धित पद, तह, सेवा, समूह तथा उप समूहको लागि निर्धारण गरेको पाठ्यक्रम अनुसार हुनेछ।

(ग.५) लिखित परीक्षामा कम्तिमा ४० प्रतिशत अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट प्राप्तांक तथा आवश्यक माग पदसंख्याको आधारमा प्रचलित कानूनको परिधीभित्र रही अन्तर्वार्ता परीक्षाको लागि उम्मेदवारहरुको छनौट गरिनेछ।

४. **मूल कार्यविधिको दफा ५ मा संशोधन :** मूल कार्यविधिको दफा ५ मा देहाय अनुसार संशोधन गरिएको छ :

(१) मूल कार्यविधिको दफा ५ मा **"अन्तर्वार्ता तथा सूचिकरण समिति"** शव्दहरुको सट्टा **"छनौट समिति"** भन्ने शव्दहरु राखिएका छन्।

(२) मूल कार्यविधिको दफा ५ मा **"माग पद संख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचिकरणको सिफारिस गर्न देहायको अन्तर्वार्ता तथा सूचिकरण समिति रहनेछ "** भन्ने शव्दहरु को सट्टा **"यस कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिमको छनौट प्रक्रियासँग सम्वन्धित विभिन्न कार्यहरु गर्न तथा आवश्यक संख्यामा सफल तथा वैकल्पिक उम्मेदवारको छनौट गरी करार सेवामा नियुक्तिको लागि नगर कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्न देहाय अनुसारको छनौट समिति रहनेछ"** भन्ने शव्दहरु राखिएका छन्।

(३) मूल कार्यविधिको दफा ५ को खण्ड (ग) पछि देहाय अनुसार उपखण्ड (ग.१) थप गरिएको छ :

(ग.१) नगर प्रमुखले तोकेको सम्वन्धित सेवा समूहसँग सम्वन्धित विषय विज्ञ –सदस्य

५. **मूल कार्यविधिको दफा ६ मा संशोधन :** मूल कार्यविधिको दफा ६ मा देहाय अनुसार संशोधन गरिएको छ :

(१) मूल कार्यविधिको दफा ६ को उपदफा (१) मा **"सूचिकरणको विवरण"** शव्दहरुको सट्टा **"अन्तिम नतिजा"** भन्ने शव्दहरु राखिएका छन्।

(२) मूल कार्यविधिको दफा ६ को उपदफा (१) मा **"दफा (४) बमोजिम"** भन्ने शव्दहरुको सट्टा **" यस कार्यविधि बमोजिम सञ्चालन गरिएको दुवै किसिमका (लिखित तथा अन्तर्वार्ता) परीक्षामा "** भन्ने शव्दहरु राखिएका छन्।

(३) मूल कार्यविधिको दफा ६ को उपदफा (२) मा **"सूचिकरण"** भन्ने शव्दको सट्टा **"अन्तिम नतिजा"** भन्ने शव्दहरु राखिएका छन्।

६. **मूल कार्यविधिको दफा ७ मा संशोधन :** मूल कार्यविधिको दफा ७ मा देहाय अनुसार संशोधन गरिएको छ :

(१) मूल कार्यविधिको दफा ७ को उपदफा (१) मा **"सूचिकृत गरेका"** शव्दहरुको सट्टा **"अन्तिम नतिजामा नाम प्रकाशन भएका"** भन्ने शव्दहरु राखिएका छन्।

(२) मूल कार्यविधिको दफा ७ को उपदफा (२) मा **"सूचिकृत"** शव्दहरुको सट्टा **"अन्तिम नतिजामा नाम प्रकाशन भएका सफल"** भन्ने शव्दहरु राखिएका छन्।

(३) मूल कार्यविधिको दफा ७ को उपदफा (६) मा **"पुनः परिक्षण, छनौट र शुरु करार सरह मानि सम्झौता गरिनेछ"** शव्दहरुको सट्टा **"प्रचलित कानून बमोजिम गरिएको कार्य सम्पादन मूल्यांकनको आधारमा करार अवधि थप गर्न सकिनेछ"** भन्ने शव्दहरु राखिएका छन्।

७. **मूल कार्यविधिको अनुसूची–५ मा संशोधन :** मूल कार्यविधिको अनुसूची–५ मा रहेका **"सूचिकरण गरिए बमोजिम"** भन्ने शव्दहरु हटाईएका छन्।



आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०८०/०२/१४